
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १३ गते बुधबार ❑ 28 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## आफैँ बसेको जेल निरीक्षणमा मुख्यमन्त्री पुग्दा...

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल मङ्गलबारसहित तेस्रो पटक कास्की कारागार पुग्नुभयो । दुई पटक राजनीतिक बन्दीका रुपमा त अहिले मुख्यमन्त्रीको हैसियतमा कारागार निरीक्षणका क्रममा उहाँ त्यहाँ पुग्नुभएको हो ।



मुख्यमन्त्री पोखरेलले विसं २०३५ मा एक महिना र २०३६ मा साढे आठ महिना सोही कारागारमा बिताउनुभएको थियो । कार्यालय छेउमै भएर पनि समयको तारतम्मे नमिल्दा मुख्यमन्त्री भएपछि बल्ल कारागार छिर्न पाएको उहाँले बताउनुभयो । 'सासंद भए, प्रतिपक्षी दलको नेता भएँ, मुख्यमन्त्री नै भए तर कुनै बेला आफैँ बसेको कारागार आउन सकिरहेको थिइन, आज निरीक्षण गर्ने अवसर मिल्यो', मुख्यमन्त्री पोखरेलले भन्नुभयो, 'उबेलाको भन्दा तुलनात्मक रुपमा कारागारमा धेरै सुधार भएको मैल पाएँ ।'

उहाँले विसं २०४२ तिर नवलपरासी जेलमा बस्दा त्यहाँ भागेका दुर्दशा पनि सुनाउनुभयो । 'त्योबेला जेलभित्र शौचालय थिएन, राति बाल्टिनमा शौच गरेर बिहान उज्यालो भएपछि फाल्नुपर्ने अवस्था थियो', उहाँले विगत सम्झनुभयो, '५० जनाको क्षमता रहेकामा दुई जनासम्म सुत्नुपर्थ्यो ।'

मुलुकको प्रधानमन्त्री, मन्त्री भइसकेका अधिकांश नेता जीवनको कुनै न कुनै समयमा जेल बसेको भन्दै उहाँले त्यहाँबाट निस्केपछि भने जेलभित्रको कुरा बिर्सने गरेको बताउनुभयो । पछिल्लो समय जेललाई सुधार गृहका रुपमा विकास गर्न पहल भए पनि सोचेजति प्रगति हुन नसकेको मुख्यमन्त्री पोखरेलको भनाइ छ । 'कारागार सुधारको प्रयास नभएको होइन, स्तरवृद्धि पनि हुँदै गएको छ । सुधार गृहको अवधारणाअनुसार अघि बढाउन राज्यको बृहत् योजना र सोच चाहिन्छ', उहाँले भन्नुभयो । प्रदेश राजधानीमा रहेको कास्की कारागार तुलनात्मक रुपमा ठिक भए पनि पूर्ण नरहेको मुख्यमन्त्रीको बुझाइ छ । कारागार प्रशासन सङ्घ सरकार मातहात रहे पनि यसको स्तरवृद्धिका लागि प्रदेश सरकारले पनि हातेमालो गर्ने उहाँले उल्लेख गर्नुभयो । 'जेलमा रहेका समस्या समाधानका लागि केन्द्र सरकारसँग पनि समन्वय र पहल गर्छौं', मुख्यमन्त्री पोखरेलले भन्नुभयो, 'कारागारका कैदीबन्दीका लागि सबै मानवीय मापदण्ड पूरा हुने गरी वातावरण बनाउनुपर्छ, पूर्वाधार र संरचना पनि सोही अनुसार बन्नुपर्छ ।'

निरीक्षणमा सहभागी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले कास्कीको मात्र नभएर देशैभरका कारागार जीर्ण र स्रोतसाधनको अभावबाट गुज्रेको बताउनुभयो । उहाँले कैदीबन्दीको न्यूनतममानवअधिकारकोप्रत्याभूत हुने गरी कारागारको व्यवस्थापन गर्नुपर्ने उल्लेख गर्नुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले कारागारको दुरावस्थाबारे सबै जानकार रहेको भन्दै त्यसलाई सुधार्न गृह मन्त्रालय लागि परेको बताउनुभयो । 'धेरै जिल्लामा जेलका नयाँ भवन बनिरहेका छन्, कतिपय ठाउँका जेल राम्रा पनि छन्', उहाँले भन्नुभयो ।

निमित्त कारागार प्रशासक महेन्द्रबहादुर कुँवरले प्रशासनिक भवन नहुँदा जस्ताको छानामुनीबाट कार्यालय सञ्चालन गर्नुपरेको दुःखेसो सुनाउनुभयो । उहाँले कैदीबन्दीको संख्याअनुसार दक्ष चिकित्सकसहित स्वास्थ्य सेवाको प्रबन्ध हुनुपर्नेमा अहिले एक मात्र स्वास्थ्यकर्मीको दरबन्दी रहेको बताउनुभयो । कारागारमा खानेपानी, सोलार बत्तीलगायत अभाव छ । कैदीबन्दीको श्रम र सीपको सही उपयोग हुन नसकेको जनाइएको छ ।

कैदीबन्दीले बनाएका मुढा, झोलाजस्ता सामग्रीले श्रम अनुसारको मूल्य नपाएको प्रशासक कुँवरको भनाइ छ । पोखरा महानगरपालिका-७ पार्दीस्थित कारागारमा पुरुष चार सय र महिला २० गरी चार सय २० जनाको क्षमता छ । विसं २०२२ मा स्थापित कारागार १९ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

## गण्डकी प्रदेश प्रमुखद्वारा प्रदेशसभा अधिवेशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

गण्डकी प्रदेशसभाको अधिवेशन पुस १८ गते आह्वान गरिएको छ । गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पुस १८ गतेदेखि प्रदेशसभाको अधिवेशन आह्वान गर्नुभएको हो ।

प्रदेश प्रमुख गुरुङको सचिवालयले मंगलबार जारी गरेको विज्ञप्तिमा 'नेपालको संविधानको धारा १८३ को उपधारा (१) वमोजिम प्रदेशसभाको अधिवेशन विसं २०७९ पुस १८ गते सोमबार दिनको ३ बजेदेखि प्रदेशसभा भवन नदीपुरमा आरम्भ हुनेगरी आह्वान गर्नुभएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ ।' विज्ञप्तिमा उल्लेख छ ।

अधिवेशन अघि नवनिर्वाचित सांसदलाई सपथ खुवाउने तयारी छ । प्रदेश प्रमुख गुरुङले यही पुस १३ गते बुधबार गण्डकी प्रदेशसभा सदस्य मध्ये ज्येष्ठ सदस्य पर्वत जिल्ला निर्वाचन क्षेत्र नं १ को (१)बाट निर्वाचित मित्रलाल बस्याललाई सपथ खुवाउने तयारी गरिएको हो । प्रत्यक्ष निर्वाचित तथा समानुपातिक प्रणालीबाट प्रदेशसभा सदस्य बनेका सबैलाई सपथ खुवाइने पनि प्रदेश प्रमुखको सचिवालयले जनाएको छ । ६० सदस्यीय गण्डकी प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेकपा (एमालेका) २२, नेकपा (माओवादी केन्द्र)का आठ, राप्रपाका दुई र नेकपा (एकीकृत समाजवादी)का एक सांसद छन् ।

## मनाङबाट निर्वाचित गुरुङको सांसद पद निलम्बन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

संघीय संसद् सचिवालयले मनाङबाट निर्वाचित सांसद टेकबहादुर गुरुङलाई निलम्बन गरेको छ ।

सचिवालयले मङ्गलबार सूचना जारी गर्दै गुरुङको सांसद पद निलम्बनमा परेको जनाएको हो । गुरुङलाई निलम्बन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पत्र आएको र सोही आधारमा यस्तो निर्णय लिइएको संसद् सचिवालयले जनाएको छ । 'प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङउपरको मुद्दा विशेष अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने कानूनी व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा लेखी पठाउने' व्यहोराको अख्तियारको पत्र पुस ८ गते संसद् सचिवालयमा आइपुगेको थियो ।

गुरुङविरुद्ध अख्तियारले २०७५ माघ २१ गते भ्रष्टाचार मुद्दा दायर गरेकोमा अहिले त्यो विशेष अदालतमा विचाराधीन छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा भएको व्यवस्थाबमोजिम भ्रष्टाचार कसुरको आरोप लागेको व्यक्ति सार्वजनिक पद धारण गर्न नमिल्ने भन्दै गुरुङलाई निलम्बन गरिएको हो ।

## सङ्घीय संसद्को अधिवेशन पुस २५ गते आह्वान

**रासस**
**काठमाडौं, १२ पुस**

राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस २५ गते सङ्घीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको छ ।

उहाँले नेपालको संविधानबमोजिम मन्त्रिपरिषद् को सिफारिसमा यही पुस २५ गते सोमबार दिउँसो १ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संसद् अधिवेशन आह्वान गर्नुभएको हो । यसैबीच, सङ्घीय संसद् सचिवालयले राष्ट्रपतिबाट अधिवेशन आह्वान भएकाले उक्त, मिति, समय र स्थानमा उपस्थितिका लागि सबै संसद् सदस्यलाई सूचना जारी गरेको छ ।

## अबको सरकारी सेवा पेपरलेसमात्र हैन फेसलेस : उद्योग सचिव बोहरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ पुस**

गण्डकी प्रदेशका उद्योग,वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर बोहराले औद्योगिकग्राम निर्माणका लागि स्थानीय तहहरु उदासिन देखिएको बताएका छन् ।




उनले गण्डकीका २५ वटा स्थानीय तहमा उद्योगग्राम स्थापना भए पनि प्रभावकारी हुन नसकेको स्वीकारेका छन् । व्यावसायिक वातावरण तथा जग्गाको अभावका कारण यस्तो देखिएको पनि उनको प्रष्टोक्ति छ । पालिकाहरुले भनेजस्तो काम नगरेको पनि उनको दुखेसो छ ।

सचिव बोहरा पर्यटन तथा उद्योग कार्यालय कास्कीले मंगलबार पोखरा उद्योग वाणिज्य संघसँगको समन्वयमा आयोजना गरेको व्यवसायीहरुसँगको अन्तर्क्रियामा बोल्दै थिए । उनले कास्कीको पुँडीटार र नवलपुरमा औद्योगिक क्षेत्र निर्माणको पहल भएको र त्यसले उद्योग स्थापनामा सघाउने धारणा पनि राखे । उनले संघीय सरकारले ल्याएको औद्योगिक व्यवसाय ऐन २०७६ ले 'एकल विन्दु सेवाकेन्द्र'को अवधारणा अगाडि सारेको जनाउँदै ढिलोचाँडो सेवाग्राहीलाई एउटै कोठाबाट व्यवसाय दर्ताका सवै सेवा दिइने बताए । 'सरकारी कार्यालयलाई पेपरलेसमात्र नभएर फेसलेस बनाउने प्रक्रिया सुरु भएको छ',उनले भने,'गण्डकी सरकारले पनि त्यो काम गर्छ । मन्त्रालय बढ्ने-घट्ने गर्दा काम प्रभावित भएको हो ।' कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले व्यवसाय दर्ता,कर चुक्ता र व्यवसाय खारेजी प्रक्रिया सहज हुनुपर्ने माग गरेका थिए । उनले घरैबाट व्यवसाय दर्ता हुने र प्रमाणपत्र लिनमात्र जाने व्यवस्था गर्न कठीन नभएको तर्क गर्दै प्रश्न गरेका थिए,'यहाँ एउटा बीमा कम्पनीले तपाईंको बीमाको म्याद सकियो,रिन्यू गर्नुहोला भन्न सजिलै सक्छ भने व्यवसायीहरुलाई सरकारी कार्यालयले आवश्यक सूचना किन दिन सक्दैनन् ?' पर्यटन ,उद्योग,वाणिज्य तथा उपभभोक्ता हित निर्देशनालयका गण्डकीका निर्देशक प्रविण ढकालले पछिल्लो समय सरकारी कार्यालयहरु सेवाग्राही मैत्री हुँदै गएको जिकिर गरे । उनले भने,'एउटा निजी बैंकले भोलि आउनुहोस् भन्दा चुपचाप फर्कने तर त्यही कुरा सरकारी कार्यालयका कर्मचारीले भन्दा विभिन्न शंका गर्ने काम नगरौं, कर्मचारीतन्त्र फेरिएको छ ।' पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले गण्डकीमा अर्को औद्योगिक क्षेत्रको टड्कारो आवश्यकता रहे पनि माग सुनुवाइ नभएको गुनासो गरे । उनले उद्योग/व्यवसाय दर्ताको लागि उद्योग वाणिज्य संघहरुको सिफारिस अनिवार्य गरिए वास्तविक उद्यमीले व्यवसाय दर्ता अझ सहज र पारदर्शी हुने तर्क गरे ।

कार्यक्रमका अध्यक्ष एवं पर्यटन तथा उद्योग कार्यालय कास्कीका प्रमुख शेषकान्त पौडेलले उद्योग व्यवसाय संचालनको लागि तय गरिएका प्रावधान र चुनौतीबारे कार्यपत्र पेश गर्दै उद्योग/व्यवसाय संचालनमा अझै कठीनाइ रहेको स्वीकारे । छिमेकीको गुनासो,स्थानीयको विरोध,कच्चा पदार्थको अभावजस्ता समस्या सल्टाउन सके उद्योगको प्रवर्द्धन हुने उनको धारणा थियो । उनले पुरानो घरेलु र हालको पर्यटन तथा उद्योग कार्यालयले एकद्धार प्रणालीबाट सेवा दिइरहेको जानकारी गराए । सोही कार्यालयका उद्योग अधिकृत महराज ढकालले उद्योगसम्बन्धी कानूनी व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै गण्डकीले सरकारले बनाएको औद्योगिक व्यवसाय ऐन र संघको ऐन बाझिदा काम गर्न गाह्रो भएको जानकारी गराए । उनले लघु उद्योग दर्तामा कुनै शुल्क नलाग्ने पनि बताए । सोही कार्यालयका अधिकृत कमलप्रसाद कँडेलले नविकरण र जरिवानाबारे जानकारी दिँदै बही खाता पल्टाउने व्यवसायीहरुले दण्ड-जरिवानाबारे पनि जानकारी राख्नुपर्ने तर्क गरे ।

घरेलु तथा साना उद्योग महासंघ गण्डकीकी अध्यक्ष चिनु गुरुङले प्रशिक्षकको लागि हुने प्रशिक्षण निशुल्क र व्यवसाय दर्ता गर्दा कम कागजातले काम चल्ने व्यवस्थाको माग गरिन् । कार्यक्रममा बोल्दै घरेलु उद्योग महासंघ कास्की अध्यक्ष बलराम गौतमले उद्योग दर्ता गर्दाको हैरानीले धेरै व्यवसायीहरु दर्ताविनै संचालन भएको जिकिर गरे । थोक व्यवसायी संघ कास्कीका अध्यक्ष लेखनाथ सुवेदीले व्यवसायीहरुका उत्पादनको बजारीकरणमा पनि सरकारी निकायले ध्यान दिनुपर्ने बताए । सुनचाँदी तथा रत्न आभुषण संघ कास्कीका सचिव इश्वरबहादुर विकले दक्ष जनशक्ति उत्पादनमा सरकारले सघाउनुपर्ने माग गरे । इलेक्ट्रो मेकानिकल संघ कास्कीका महासचिव माधव तिवारीले सीप सिकाउनको लागि प्रशिक्षक पनि नपाइने अवस्था रहेको बताए ।

हस्तकला संघ कास्कीकी सदस्य सविता श्रेष्ठले आफूले स्वअध्ययनबाट सीप हासिल गरेको तर त्यसको प्रमाणीकरण नहुँदा समस्या आएको दुखेसो गरिन् । पर्यटन तथा उद्योग कार्यालयका अधिकृत कमलबहादुर केसीले सेवाग्राहीलाई सहज सेवा दिलाउन अभिमुखीकरण जरुरी भएको बताए ।



# आहा ! रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको तयारी पुरा

पोखरापत्र संवाददाता

पोखरा, १२ पुस




पोखराको चर्चीत आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिता २०७९ को तयारी पूरा भएको छ। यही पुष १४ गते देखि पोखरा रंगशालामा संचालन हुने २२ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकपको तयारी पूरा भएको आयोजक सहारा क्लवले मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' भन्ने उद्धेश्यका आयोजना हुने उक्त प्रतियोगितामा अमेरीकाको एक टोली सहित १० टिमको सहभागिता हुने भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए। यही पुष २३ गतेसम्म संचालन हुने प्रतियोगितामा अर्न्तगत विहिबार हुने उद्घाटन खेलमा सहारा र धरान फुटवल क्लव बिच हुने भएको छ।

प्रतियोगिताका बिजेताले यस बर्ष १२ लाख र उपविजेताले ६ लाख प्राप्त गर्ने छन्। यस बर्ष प्रथम पुरस्कारमा २ र दोस्रोमा १ लाख वृद्धि गरिएको हो। २०५८ सालमा क्याराभान गोल्डकपलाई गणना गर्दै २२ औं संस्करणबाट आहा ! रारा पोखरा गोल्डकप नामकरणमा प्रतियोगिता संचालन हुन लागेको हो। प्रतियोगितामा उत्कृष्ट पाँच विधामा जनही २५ हजार, सर्वाधिक गोलकर्तालाई २५ हजार, प्रत्येक खेलमा म्यान अफ दी म्याचमा समेत ८ हजार पुरस्कार प्रदान गरिने भएको छ।

यसैबिच उद्घाटनको अवसरमा सर्वोउत्कृष्ट राष्ट्रिय खेलाडी पुरस्कारबाट अनन्त तामाङलाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारको राषि भने यस बर्ष १५ हजार ५ रुपैथा थप गरी ५० हजार ५ रुपैया पुराइएको हो। बचत रकम क्लबबाट संचालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिने क्लवले जनाएको छ। तेश्रो व्याचको एकेडेमीमा १३ जना बालक आश्रित रहेका छन्।

प्रतियोगिताबाट आम्दानी १ करोड ५९ लाख ५० हजार रुपैयाँ र खर्च १ करोड १३ लाख ५६ हजार रुपैयाँ अनुमान गरिएको क्लवले जनाएको छ। सहारा क्लब पोखराले संचालन गर्ने प्रतियोगितामा विगतमा झैं हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजन गरेको छ। प्रतियोगिता अवधिमा एक लाख बराबरको चाउचाउ वितरण गरिने भएको छ। गत बर्षको विजेता शसस्त्र प्रहरी बलको एपिएफ क्लव हो। यस अघि सहारा क्लब पोखराले यसअघि पुस १२ देखि २३ सम्म प्रतियोगिता संचालन गर्ने भनी एन्फाबाट समय तालिका प्राप्त गरेकोमा १३ गते स्पेनको बी डिभिजनको क्लव संग मैत्रीपूर्ण खेल हुने कारण २ दिन पछि सरेको हो। त्यसैले यसअघि १२ टिम भनिएकोमा १० टिमको छिनोफानो भएको क्लब महासचिव रामजीप्रसाद अधिकारीले बताए।

उत्कृष्ट पाँच विधाको पुरस्कार सूर्यबहादुर केसी स्मृतिमा प्रदान गरिने जनाइएको छ। सहउपप्रायोजक मुल्बेरी इन्स्टिच्युट अफ हस्पिटालिटी र चरक मेमोरियल हस्पिटल प्रालि नागढुंगा, एजुकेसन पार्टनर हिमाश कन्सल्टेन्सी, अफिसियल बैंक लुम्बिनी विकास बैंक रहेको छ। त्यसै गरी अनलाइन टिकेटिंङ पार्टन माई पे, अफिसियल स्पोर्ट्र्स वयर एक्स टेप, एयरसन ईन्टरन्यासनल् प्रालि इन्टरनेट पार्टनर, पब्लिक फोरके टेलिभिजन प्रत्यक्ष प्रसारण, अफिसियल एयर लाइन्स बुद्ध एयर, सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी पुरस्कार प्रायोजक सहारा क्लबका मानार्थ सदस्य खेम बहादुर गुरुङ, अफिसियल इन्सुरेन्स पार्टनर प्रभु इन्सुरेन्स प्रालि रहेको छ। त्यस्तै अफिसियल मल्टिप्लेक्स पार्टनर सिनेप्लेक्स, पोखरा फेयर प्ले पुरस्कार प्रायोजक रुपाकोट ज्योति सुनचाँदी पसल महेन्द्रपुल रहेको छ। त्यस्तै गरी मुग्लान रेस्टुरेन्ट एण्ड बार, एलजी टिभी, गोर्खाली अफ्सेट प्रेस, परिचय एड्भरटाइजिङ र जीएमसी मेडिकल कलेज, नयाँबजार र सहयोगी संस्था राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी र अखिल नेपाल फुटबल संघ र क्षेत्रीय खेलकुद विकास समिति र कास्की जिल्ला खेलकुद विकास समिति र कास्की जिल्ला फुटबल संघ, सहारा क्लब युके, हङकङ र अष्ट्रेलिया समेतको विशेष सहयोग हुने क्लवले जनाएको छ। उक्त प्रतियोगिताको पोखरा महानगरपालिका प्रवर्द्धकको रुपमा रहेको छ।

# जेष्ठ नागरिक दिवसमा १०४ वर्षीय दाहाल सम्मानित

पोखरापत्र संवाददाता

पोखरा, १२ पुस



दोश्रो राष्ट्रिय जेष्ठनागरिक दिवसको अवसरमा पोखरा वृद्धाश्रममा आश्रित १०४ बर्षीय नन्दलाल दाहाललाई नगर पिता घोषणा सहित सम्मान गरिएको छ।

माछापुच्छे गाउँपालिकाको लाहाचोकमा विक्रम सम्वत १९७५ मा जन्मनु भई पोखरा २१ मा मजदुरी गर्दै १४ बर्ष अघि पोखरा बृद्धाश्रममा वस्दै आउनु भएका दाहाललाई आश्रममा आयोजित एक समारोहका बीच सम्मान गरिएको हो।

पोखरा महानगर सामाजिक विकास महाशाखाको आयोजना एवम पोखरा २१ र वृद्धाश्रमको समन्वयमा भएको कार्यक्रममा उहाँलाई सामाजिक समिति संयोजक एवम् पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले ११ हजार रुपैया नगद सहित दोसल्ला र सम्मानपत्रले सम्मान गर्नुभएको हो। "हामी सवैको सरोकार जेष्ठनागरिकको अधिकार" भन्ने नाराका साथ आयोजित कार्यक्रममा उहाँले २०५१ सालमा तत्कालिन सरकारले सामाजिक सुरक्षा भत्ता शुरु गरेको दिनलाई आधार मानेर गत बर्षदेखि राष्ट्रिय जेष्ठनागरिक दिवस मनाउन शुरु गरिएको जानकारी दिनुभयो।

पोखरा महानगरपालिकाले जेष्ठनागरिकको सुविधाका लागि ३३ वटै वडामा जेष्ठनागरिक सेवा केन्द्र सञ्चालनका लागि प्रत्येक वडाको लागि १० लाख रुपैयाका दरले बजेट विनियोजना गरेको बताउनुभयो।

कार्यक्रममा पोखरा २१ वडा अध्यक्ष दिपक सुवेदीले आफ्ना जन्मदाता बुबा आमाको समेत उचित सेवा पुऱ्याउन नसकेको हाम्रो समाजमा ४६ जना विपन्न, असहाय जेष्ठनागरिकको पालन पोषण गरेर वृद्धाश्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो। बृद्धाश्रमका अध्यक्ष कुसुम केशव पराजुलीले आश्रममा हाल वृद्ध आमा बुवा र सेवक सेविका सहित ५५ जना रहेको बताउँदै संस्था दाताको सहयोगबाट सञ्चालन हुदै आएको जानकारी दिनुभयो। उहाँले जेष्ठनागरिकको सिपलाई भरपुर उपयोग गर्दै आश्रममा गुन्द्रुक र मस्यौरा बनाउने कार्यक्रमको समेत सञ्चालन भएको बताउँदै अध्यक्ष पराजुलीले भन्नुभयो, "उत्पादित वस्तुको प्याकेजिङ गरि बजारमा विक्री गरिने तयारी भई रहेको छ।"

कार्यक्रममा पोखरा महानगर सामाजिक विकास महाशाखा प्रमुख गिता न्यौपाने, पोखरा बृद्धाश्रमका कोषाध्यक्ष धर्म गुरुङ लगायतले जेष्ठनागरिक दिवसको महत्वको वारेमा चर्चा गर्नुभएको थियो।

# पोखरामा स्पेनको काथेरेन्यो र गण्डकी ११ बिच हुने मैत्रिपूर्ण फुटवलको तयारी पूरा

पोखरापत्र संवाददाता

पोखरा, १२ पुस




लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजनामा स्पेनको बी डिभिजनको काथेरेन्यो क्लव र गण्डकी ११ बीच बुधबार पोखरामा हुने मैत्रीपुर्ण फुटबल प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको छ।

पोखरा रंगशालामा बुधबार दिउँसो २:३० बजे पछि हुने उक्त मैत्रिपूर्ण फुटवल प्रतियोगिताको अन्तिम तयारी पूरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष कार्लोसले बुद्धको जन्म भुमि नेपालमा आएर फुटबल खेल्दै खेलको माध्यमबाट शान्तिको सन्देश प्रवाह गर्न पाउँदा खुसी लागेको बताए। उनले भने "स्पेनको मिडिया सहित काथेरेन्यो क्लब नेपालमा फुटबल खेल्न आउनु भनेको नेपाललाई विश्वले अझ नजिकबाट चिनाउन यसले मद्धत पुग्छ।" काथेरेन्यो क्लबका अध्यक्ष जोसे म्यानुयलले काथेरेन्यो क्लब स्पेनको बि डिभिजनको माथिल्लो स्तरको क्लब भएको दाबी गर्दै अब ए डिभिजनको लागि तयारी गरेको क्लव भएको जनाए। आफुहरुसंग व्यवसायिक फुटबलर भएकोले पोखरामा भोलि हुने मैत्रीपुर्ण फुटबल प्रतियोगितामा उत्कृष्ट हुने अध्यक्ष जोसे म्यानुयलले बताए। अब आउने जनवरी ४ मा किडस कपमा रियल म्याड्रिड संग खेल्ने टीम भएकोले गण्डकी ११ संग हुने मैत्रीपुर्ण खेल निकै प्रतिष्प्रर्धा हुने काथेरेन्यो क्लबका प्रशिक्षक खुलिओ कोबोसले बताए। घरेलु टिम गण्डकीसंग आफुहरुले जित निकाल्ने गरी खेल्ने रणनितीमा भएको समेत उनले जनाए। गण्डकी ११ का प्रशिक्षक राजेन्द्र तामाङले केही दिन देखि उक्त खेलको लागि तयारीमा रहेकोले आफुहरुले आफ्नो घरेलु मैदानको भरपूर्ण रुपमा फाइदा लिने गरी खेल्ने तयारी गरेको बताए। आफुहरुसंग राष्ट्रिय टिमका पूर्व खेलाडी तथा युवा खेलाडीहरु भएकोले आफ्नो टिम निकै सन्तुलित भएको उनले जनाए।

गण्डकी ११ का टीम कप्तान अनिल गुरुङले स्पेनको बी डिभिजनको उत्कृष्ट मध्यको एक क्लवसंग पोखरामा फुटवल खेल्न पाउनु खेलाडी र दर्शकहरुको लागि ठुलो उपलब्धि भएको बताए। उनीहरु संगको मैत्रीपुर्ण फुटबल खेल्नाले केही सिप तथा ज्ञान हासिल गर्न सकिने उनले जनाए। स्पेनका पुर्व राष्ट्रिय खेलाडी मिचेलले भोलि हुने खेल रोमाञ्चक हुने बताउदै समय तालिका टाइट भएकोले अहिले घुम्न नपाए पनि पछि घुम्नकै लागि आउने बताए। मैत्रीपुर्ण फुटबल अवलोकन गर्नको लागि दर्शक शुल्क ५ सय रहेको आयोजकले जनाएको छ। उक्त मैत्रिपूर्ण फुटवल खेल "शान्तिको लागि फुटबल"भन्ने मुल नाराका साथ आयोजना हुन लागेको फुटबल प्रतियोगिताको लागि पोखरामा आज बिहान ५५ जनाको जम्बो टोली पोखरा आईपुगेको फाउन्डेसनका महासचिव एक राज गिरीले बताए। कास्की जिल्ला फुटवल संघको सहकार्यमा, गण्डकी प्रदेश सरकार र विभिन्न संघ संस्थाको सहयोगमा उक्त प्रतियोगिता हुने भएको हो।

काठमाण्डौं देखि हवाई उडान हुदै पोखरा आएको स्पेनको ५५ सदस्य एक टोलीलाई पोखरा विमानस्थलमा पोखराका विभिन्न संघ संस्था तथा खेलकुदकर्मीले खादा तथा माला लगायर टोलीलाई स्वागत गरेका थिए। स्पेनको उक्त टोलीले विहिबार भने काडमाण्डौं ११ संग दशरथ रंगशालामा मैत्रिपूर्ण फुटवल खेल खेल्ने भएको पूर्व खेलाडी सुन्दर थापाले बताए।

# गठबन्धनलाई सत्ता प्राप्तीको विषयमा मात्र केन्द्रीत गर्नु दुर्भाग्यपूर्ण : नेका गण्डकी प्रदेश

पोखरापत्र संवाददाता

पोखरा, १२ पुस

नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा मंगलबार विज्ञप्ती प्रकाशित गरि गठबन्धनलाई सत्ता प्राप्तीको विषयमा मात्र केन्द्रीत गर्नु दुर्भाग्यपूर्ण रहेको बताइएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको हस्ताक्षरित विज्ञप्तीमा मंसीर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा नेपाली कांग्रेस सहितको गठबन्धनलाई नेपाली जनताले आशा र भरोसाका साथ विजय गराए पनि अहिले सरकार गठनका सन्दर्भमा अनपेक्षित र अप्रत्यासित घटनाक्रमको विकास भई निर्वाचन परिणाम प्राप्त भएको १५ दिन पनि वित्न नपाउँदै ५ दलीय गठबन्धन टुटेर माओवादी केन्द्रको नेतृत्वमा एमाले सहितको गठबन्धनको सरकार निर्माण नेपालको प्रजातान्त्रिक इतिहासमा र संसदीय व्यवस्थाको लामो अभ्यासहरुमा यो अत्यन्त दुर्भाग्यपूर्ण घटना हो भनी लेखिएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री किरणवावु श्रेष्ठले "यस घटनाले पाँच दलीय गठबन्धनका नेताहरुको जनतामाझ व्यक्त गरेका सम्पूर्ण आश्वासनहरु धोका धडिमा वदलिनुका साथै देश, जनता र नेपाली कांग्रेस पार्टी स्वयमूलाई पनि धोका भएको छ। गठबन्धनलाई सत्ता प्राप्तीको विषयमा मात्र केन्द्रीत गर्नु दुर्भाग्यपूर्ण हो भन्ने पनि हाम्रो ठहर छ, हामी यसको घोर निन्दा गर्दछौं," भने। महान्त्री श्रेष्ठले "निर्वाचनमा हामी ५ दलिय गठबन्धनका पार्टीहरु संविधानको रक्षा, स्थिरता र समृद्धिको नारा सहित जनतामाझ प्रस्तुत भएका थियौं।

तर अहिले नयाँ गठबन्धनको सरकार निर्माणले यो विषय पनि धरापमा परेको नेपाली काग्रेस, गण्डकी प्रदेश ठहर गर्दछ। नेपाली जनताले नेपाली कांग्रेसलाई पहिलो ठूलो दलको रुपमा विजय गराएको भएतापनि अहिले तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रको नेतृत्वमा अप्रत्यासित रुपमा नेपाली कांग्रेस वाहेकको संघीय सरकार गठन हुन पुगेका कारण ५ दलीय गठबन्धनले जनता सामु गरेका प्रतिवद्धताहरु सरकारमार्फत पुरा गर्ने अवसरबाट नेपाली कांग्रेस पनि बन्चित हुन पुगेको छ।" त्यसैगरी अर्का महामन्त्री विष्णुप्रसाद लामिछानेले "यद्यपी नेपाली कांग्रेस सदैव प्रजातन्त्रको रक्षा, मुलुक र जनताको पक्षमा संघर्ष गर्दै आएको एक जिम्मेवार र ऐतिहासिक पार्टी भएकोले यस घटनाबाट उत्पन्न हुने कुनै पनि परिस्थितिको सामना गर्न नेपाली कांग्रेस सक्षम रहेको गण्डकी प्रदेशवासी सबैलाई हार्दिकता पूर्वक विश्वास दिलाउन चाहन्छौं। यस घटनाबाट भएको अप्ठेरो परिस्थितिमा पार्टीका आम कार्यकर्ता, शुभेच्छुक, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, उद्योगी, व्यापारीहरु लगायत सम्पूर्ण जनतालाई विकशित घटनाक्रमबाट अलिकति पनि निराश र विचलित नहुन एवम् उच्च मनोवल राख्नुहुन अनुरोध गर्दछौं" भने। विज्ञप्तीको अन्त्यमा नेपाली कांग्रेस आगामी दिनमा विगतका घटनाक्रमलाई सुक्ष्म विश्लेषण गरी नयाँ ढंग र नयाँ सोंचका साथ सुदृढ संगठन निर्माण गर्दै राष्ट्रिय राजनीतिमा नयाँ भूमिकाका साथ प्रवेश गरी व्यक्ति केन्द्रीत विकासको यात्रामा राष्ट्र निर्माण अभियानमा दृढतापूर्वक अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको उल्लेख गरिएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# अर्थतन्त्र पुनरुत्थान व्यवहारमा देखाऊ

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले अर्थतन्त्रको पुनरुत्थान पहिलो प्राथमिकता बनाएको छ। मन्त्रिपरिषद्को पहिलो बैठकबाट अर्थतन्त्रको पुनरुत्थान सम्बन्धमा विशेष निर्णय गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्रको संवेदनशील अवस्थाका सम्बन्धमा निजी क्षेत्रको चासो र चिन्तालाई आफूले सम्मान गर्ने बताए । 'महासंघ अर्थतन्त्र जोगाऔं भन्ने अभियानमा लागेको छ । र समस्या समाधानका लागि सरकारलाई घचघच्याएको छ। सरकारले यसलाई गम्भीर रूपमा लिन्छ,' प्रधानमन्त्रीको आश्वासन छ।

मुलुकको अर्थतन्त्रको पुनरुत्थानबारे विचार-विमर्श हुनु समस्याको बोध हो। नेपाल उध्योग वाणिज्य महासंघ अध्यक्ष शेखर गोल्छाले नवनियुक्त प्रधानमन्त्रीलाई सिंगो निजी क्षेत्रका तर्फबाट बधाई एवं शुभकामना दिँदै अर्थतन्त्रको वर्तमान अवस्थाबारे अवगत गराएका थिए। प्रधानमन्त्री प्रचण्डले महासंघका तर्फबाट यसअघि दिइएको सुझाव अध्ययन पनि गरिरहेको र यस विषयमा अर्थ मन्त्रालय, राष्ट्र बैंक र निजी क्षेत्रलाई पनि राखेर छिट्टै समस्या समाधानमा पहल गर्ने विश्वास दिलाएका छन ।

प्रधानमन्त्री आफैं पनि मुलुकको आर्थिक अवस्था, उद्योग व्यवसायको अवस्थाबारे जानकार रहेकाले यसअघि पनि अर्थतन्त्रको संवेदनशीलताका विषयमा जानकारी गराएको स्मरण गराएका थिए। उद्योग व्यवसाय सञ्चालनमा सबैभन्दा बढी समस्याको रूपमा देखापरेको चालू पुँजी कर्जा मार्ग निर्देशन कम्तीमा दुई वर्ष स्थगन गर्न र हाल देखिएको तरलता संकुचनको समस्या समाधान गर्न केन्द्रीय बैंकले सबै मौद्रिक उपकरणको प्रयोग गर्नुपर्ने सुझाव निजी क्षेत्रको छ।

देशको अर्थतन्त्र पुनरुत्थान गर्ने सरकारको प्राथमिकता कार्यान्वयन गर्ने जिम्मेवारी अर्थमन्त्रीलाई छाउपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले अर्थतन्त्रको स्थिति नियन्त्रणबाहिर नरहेको बताएका छन् । केही समस्या गम्भीर रहे पनि अर्थतन्त्रको परिस्थिति नियन्त्रणबाहिर भने गइनसकेको भनाइले आशाको त्यान्द्रो छ भन्ने देखाउँछ। नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघ (सिएनआई)का पदाधिकारीहरूसँगको भेटमा पौडेलले अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने कुरामा सरकारले ढिलो नगर्ने स्पष्ट पारे। अर्थतन्त्रमा निजी क्षेत्रले व्यहोरिरहेको समस्याबारे सरकारको संवेदनशीलता देखाएका छन।

निजी क्षेत्रका समस्या निजी क्षेत्र नै भएर हेर्ने र निजी क्षेत्रले पनि सरकारका समस्या सरकार भएर हेर्नुपर्ने अवस्था छ। निजी क्षेत्रको मनोबल टुटे राष्ट्रिय अर्थतन्त्रमा ठूलो धक्का लाग्छ। 'निजी क्षेत्रको मनोबल टुट्यो र समस्या समाधान नभए त्यसले राष्ट्रिय अर्थतन्त्रमा ठूलो धक्का लाग्छ। निजी क्षेत्रका समस्या सुन्न राष्ट्र बैंक पनि लागेको छ । 'देशले आर्थिक संकटको अवस्था व्यहोरिरहेको स्थितिमा सबै सरोकारवाला एक ठाउँमा बसेर विचार विमर्श हुन सकेमा समस्या मात्र होइन समाधानका उपाय भेट्टाउन सकिनेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# ५ किलोमिटर दौड छात्र प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

भीमकालीपाटन बगर स्थित पि एन क्याम्पसमा सम्पन्न भई रहेको अन्तर संकाय खेलकुद प्रतियोगिता कार्यक्रममा ५ किलोमिटर दौड छात्र प्रतियोगिता भएको छ।

विद्यार्थी कल्याण तथा खेलकुद शाखाले आयोजना गरेका सो कार्यक्रममा छात्रतर्फ ३२जना र छात्रातर्फ - २१जना विद्यार्थीहरुको सहभागीता रहेको थियो । पोखरा महानगरपालिका मेयर धनराज आचार्यको प्रमुखअतिथ्यतामा सम्पन्ने भएको सो दौड प्रतियोयगितामा व्यवस्थापन (वि.वि.एस.) संकायका सन्जोक घर्तीले १७:५१ मिनेटमा दौड सम्पन्न गरी प्रथम स्थान प्राप्त गरे भने व्यवस्थापन (वि.वि.एस.) कै विवेक तिलिजाले १८:०७ मिनेटमा दौड सम्पन्न गरी दास्रो र व्यवस्थापन (वि.वि.एस.) कै आकाशथापाले १८:५३ मिनेटमा दौड सम्पन्न गरी पुरुष तर्फको दौडमा तेस्रो स्थान हासिल गरे।

साथै छात्रातफको दौडमा वि.वि.एस. (वि.वि.एस.) संकायकी अनिशा भण्डारीले २५:३६ मिनेटमा दौड सम्पन्न गरी प्रथम स्थान प्राप्त गरिन भने व्यवस्थापन (वि.वि.एस.) कै अञ्जु गिरी ले २५:५७ मिनेटमा दौड सम्पन्न गरी दास्रो र मानविकी (वि.ए.) संकायकी सुशिला शाहीले २६:२४ मिनेटमा दौड सम्पन्न गरी तृतिय स्थान हासिल गरिन।

सो कार्यक्रममा बोल्दै खेलकुदमा विश्व परिवर्तन गर्ने शक्ति भएको र यो एक आधार भूत अधिकार पनि भएकोले सामाजिक सम्बन्धलाई सुदृढ गर्न र दिगो विकास र शान्ति र एकता र सम्मानका लागि एक शक्तिशाली उपकरणका रूपमा खेलकुदलाई लिईनुपर्ने कर्मचारी राजेन्द्र सुवेदीले बताए।

# ऐतिहासिक आँगनमा राष्ट्रनिर्माता सलामी अर्पण गरिने

पोखरापत्र संवाददाता
गोरखा, १२ पुस

गोरखा दरबार सङ्ग्रहालय परिसरमा रहेको ऐतिहासिक 'ठूलो आँगन'मा राष्ट्रिय एकता दिवसको अवसरमा झण्डोत्तोलन तथा बिगुलद्वारा विजय ध्वनिसहित राष्ट्रनिर्माता सलामी अर्पण थालनी गरिने भएको छ।

गोरखा सदरमुकाम ठूलो आँगनमा नेपाल एकीकरणका अभियान्ता पृथ्वीनारायण शाहको सालिक, नेपालको राष्ट्रिय झण्डा र नक्सा राखेर राष्ट्र निर्माता सलामी अर्पण सुरु गरिने गोरखा नगरपालिका मेयर कृष्णबहादुर रानामगरले जानकारी दिनुभयो । सङ्ग्रहालय परिसरमा आज पत्रकार सम्मेलनको आयोजना गरी नगरप्रमुख रानामगरले यहीँ पुस २७ गते राष्ट्रिय एकता दिवसको अवसरमा विजय ध्वनिसहित राष्ट्रनिर्माता सलामी अर्पणको थालनी गरिने बताउनुभयो।

समग्र गोरखाको पर्यटन प्रवर्द्धनका लागि ठूलो आँगनमा दैनिक बिहानको सूर्योदय र बेलुकीको सूर्योस्तको समयमा पृथ्वीनारायण शाह पालाका नेपाली सेनाको पेसाकमा सेनाको परेड खेल्ने र सलामी अर्पण गर्ने उहाँले बताउनुभयो। "ठूलो आँगनमा पृथ्वीनारायण शाहको पालाका समयमा पनि तत्कालीन सेनाले हतियार प्रदर्शनसहित सेनाको परेड खेलाउने ठाउँको रुपमा ऐतिहासिक महत्व भएको ठाउँ हो", उहाँले भन्नुभयो, "सोही इतिहासको जगेना गर्न अबदेखि दैनिकरुपमा तत्कालीन सेनाको पोसाकमा नेपाली सेनाले विजय ध्वनिसहित राष्ट्र निर्माता सलामी अर्पण गर्नेछ।"

उहाँले यसबाट राष्ट्र निर्माता सलामी हेर्नका लागिसमेत पर्यटक गोरखा आउने वातावरणको सिर्जना हुने बताउनुभयो। "बिहान आउने पर्यटक बेलुकीको सलामी हेर्न बास बस्न सक्ने र बेलुकी आउने पर्यटक बिहानको सलामी हेर्न सदरमुकाममा एकरात बस्ने अवस्थाको सिर्जना हुन्छ", नगरप्रमुख रानामगरले भन्नुभयो, "यसबाट गोरखाको इतिहासको जर्गेना मात्र होइन पर्यटनको प्रवर्द्धनसमेत हुनेछ ।" गोरखा नगरपालिकाको प्रस्तावमा नेपाली सेनाले गोरखाको इतिहासको जर्गेना गर्न राष्ट्र निर्माता सलामी अर्पणको थालनी गर्न लागेको उहाँले बताउनुभयो।

"ठूलो आँगनमा राखिने सालिक र त्यसले गर्ने पर्यटन प्रवर्द्धनले सिङ्गो गोरखाले फाइदा लिनसक्छ", नगरप्रमुख रानामगरले भन्नुभयो, "यसबाट गोरखाको समग्र पर्यटन क्षेत्रको विकासमा टेवा पुगे निश्चित छ।" उहाँले गोरखा नगरपालिकामा नै नेपाली सेनाबाट राष्ट्रिय निर्माता सलामीको थालनी गर्न पाउनु जिल्लाको लागि सौभाग्य भएको बताउनुभयो। "अहिलेको सेना होइन ऐतिहासिक सेनाको पोसाक पनि ऐतिहासिक सेना हुने हो", उहाँले भन्नुभयो, "यसले गोरखाको इतिहासलाई विश्वास पुऱ्याएर गोरखाको पर्यटन क्षेत्रको विकास गर्न सकिन्छ।"

नेपाल एकीकरणको इतिहासमा गोरखाको छुट्टै पहिचान रहेको भन्दै नगरप्रमुख रानामगरले इतिहासलाई जोगाउँदै त्यसको प्रचारप्रसार गरेर जिल्लाले फाइदा लिन सक्नुपर्ने बताउनुभयो । "गोरखा इतिहासलाई पनि जगेर्ना गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "ठूलो आँगनमा पृथ्वीनारायण शाहको सालिक राख्ने, झण्डा राखेर दैनिकरुपमा सलामी दिइन्छ।" पुस २७ गते राष्ट्रिय एकता दिवसको दिन देशभर हरेक वर्ष राष्ट्र निर्माता सलामी दिइन्छ। नेपाली सेना रिपुमर्दन गणका गणपति हेमराज विष्टले भन्नुभयो, "गोरखा झन ऐतिहासिक जिल्ला भएकाले नेपाल एकीकरणको उद्गमस्थलमा दैनिकरुपमा सलामी दिँदा झन् यसको छुट्टै महत्व हुन्छ।"

# राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मिति तोक्ने तयारी

रासस
काठमाडौँ, १२ पुस

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको तयारी सुरू गरेको छ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिना अघि निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने भएकाले आन्तरिक छलफल सुरु भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । निर्वाचनको मिति तोकी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ । वर्तमान राष्ट्रपतिको कार्यकाल आगामी फागुन २९ मा सकिने भएकाले आयोगले माघ २८ गतेभित्र निर्वाचन गराउने तयारी गरेको हो । नेपालको संविधानको धारा ६३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल निर्वाचित भएको मितिले पाँच वर्ष तोकिएको छ।

संविधानको धारा ७० बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायबाट प्रतिनिधित्व हुनुपर्ने भएकाले दुवै पदको एकै पटक नभइ फरक-फरक मितिमा निर्वाचन हुनेछ। यस निर्वाचनमा सङ्घीय संसद् (३३४) र प्रदेशसभाका सदस्य (५५०) मतदाता हुनेछन् । मुलुकको विद्यमान जनसङ्ख्या अनुसार यी पदको निर्वाचनका लागि सङ्घीय संसद्काप्रति सदस्यको मतभार ७९ र प्रदेशसभाका प्रतिसदस्यको मतभार ४८ हुनेछ।

आयोगले गत मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन गत मङ्सिर २९ गते प्रतिवेदन बुझाएको थियो । राष्ट्रपतिको आह्वान बमोजिम दुईभन्दा बढी दलको समर्थनमा यही पुस १० गते नयाँ सरकार गठन भइसकेको छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा सम्पादन गर्नुपर्ने कामका लागि आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

निर्वाचनमा उम्मेदवार हुन सङ्घीय संसद्को सदस्यका लागि हुनुपर्ने योग्यताका साथै कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने तथा कुनै कानुनले अयोग्य नभएको व्यक्ति हुनुपर्नेछ । निर्वाचनमा मनोनयनका लागि मतदाता नामावलीमा नाम समावेश भएका पाँच जना प्रस्तावक र पाँच जना समर्थक आवश्यक पर्ने कानुनी व्यवस्था छ।

# किसानका सूचना अब 'कृषि फर्म' एप्समा

पोखरापत्र संवाददाता
बागलुङ, १२ पुस

किसानमा आवश्यक सूचनाको सहज पहुँच उपलब्ध गराउन काठेखोला गाउँपालिकाले 'कृषि फर्म' सञ्चालनमा ल्याएको छ।

गाउँपालिकाले तयार गरेको 'कृषि फर्म' एप मोबाइलमा डाउनलोड गरेपछि अब काठेखोलाका किसान आफ्नै लागि आवश्यक सूचना र सन्देशबाट वञ्चित हुने छैनन् । मोबाइल एप निर्माण, व्यवस्थापन र सञ्चालनको विधि तथा आर्थिक सहयोग विवाइसी बागलुङको व्यवस्थापनमा सञ्चालित हेफर इन्टरनेसनल परियोजनाले गरेको हो। उक्त सेवा निःशुल्क हुने हेफरइन्टरनेसनलका कार्यक्रम संयोजक तारा पन्थीले बताउनुभयो । परियोजनाले किसानमा कृषि सूचनाको पहुँच पुऱ्याउने उद्देश्यले मोबाइल एप सहयोग गरेको हो।

परियोजनाले गाउँपालिकाको पशु तथा कृषि शाखामा रहने 'किस्का मेसिन' हस्तान्तरण गरेको छ । उक्त मेसिनमा कृषि फर्म मोबाइल एप जडान गरिएको छ। किसानले एपमार्फत् कृषि विज्ञ तथा गाउँपालिकाको विषयगत शाखासँग समन्वय गरी सूचना प्राप्त गर्न सक्छन्।

एपबाट खेतीपाती गर्ने तरिका, रोग तथा किराबारे जानकारी पाउन तथा मौसम अनुसारको खेतीपाती गर्नु सहज बनाउने हेफर इन्टर नेसनलका कार्यक्रम संयोजक तारा पन्थीको भनाइ छ। उक्त सेवाबाट किसानहरूले घरमै बसेर मौसम र कृषिसम्बन्धी जानकारी पाउनेछन् भने किसान कृषि उत्पादनको सूचनासँग सहजै जोडिन सक्नेछन् । बाली लगाउने सही समय, मल व्यवस्थापन, सिँचाइ बाली बिरुवाको शत्रु तथा तिनको रोकथाम जस्ता जानकारी एपमार्फत् लिन सकिनेछ । गाउँपालिकाले सञ्चालन गरेको एपमा काठेखोलाका चार सय ६९ जना कृषक जोडिएका छन्। कृषकहरूको व्यक्तिगत तथा खेतीबालीको विवरण एप्समा समावेश गरिएको विवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले बताउनुभयो।

किसानले आफ्नो मोबाइल एपमार्फत् विज्ञ केन्द्र वा स्थानीय तहको पालिका केन्द्रमा घरबाटै आफ्नो अन्नबालीमा लागेका रोग, किरा तथा पशुमा लागेको रोगबारे जानकारी दिएर आवश्यक विज्ञ सुझाव सल्लाह प्राप्त गर्नेछन् । प्राविधिकहरूले कुन क्षेत्रमा कस्ता बाली लगाउने, कति मल छर्ने, कस्तो बालीमा कस्तो खालको रोग किरा लाग्छ र कसरी रोकथाम गर्ने लगायतका सन्देश कृषकको मोबाइलमा एपमार्फत पुग्नेछ। पढ्न र लेख्न नसक्ने किसानका लागि भिडियो र अडियो सेवा व्यवस्थापन गरिएको छ। कृषि सूचना प्रणालीमा कृषकलाई जोड्ने गरी अभियान सञ्चालन गर्ने गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो। "कृषकको समय र पैसाको बचत गर्ने विषयमा गाउँपालिका सचेत छ", उहाँले भन्नुभयो, "घरमै बसेर समस्या समाधान गर्न सक्नेगरी पहल गर्छौं।"

# काठमाडौँमा यो वर्षकै बढी चिसो

रासस
काठमाडौँ, १२ पुस


काठमाडौँ उपत्यकाको तापक्रम घटेसँगै मंगलबार बढी चिसो महसुस गरिएको छ।

उपत्यकाको न्यूनतम तापक्रम तीन दशमलव आठ डिग्री सेल्सियसमा झरेको छ। काठमाडौँ उपत्यकाको यस वर्ष मापन गरिएको यो सबैभन्दा कम तापक्रम हो।

सोमबार उपत्यकाको तापक्रम पाँच दशमलव पाँच डिग्री सेल्सियस थियो । मौसमविद् विनु महर्जनका अनुसार तापक्रम निरन्तर घट्ने क्रममा छ। उहाँले पछिल्लो केही दिनयता न्यूनतम तापक्रम क्रमशः घटिरहेको र अब अधिकम तापक्रम पनि घट्ने क्रममा रहेको बताउनुभयो।

मौसम पूर्वानुमान महाशाखाले देशका अधिकांश भू-भागमा तापक्रम क्रमिक रूपमा घट्दै जाने तथा तराईका केही भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेकाले दैनिक जीवन र सडक तथा हवाई यातायातमा पनि सामान्य असर पर्नसक्ने हुँदा आवश्यक सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ।

**नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको सूचना**



स्याङ्जा जिल्ला फापरथुम गा.वि.स. वडा नं. ५ निवासी भारतीय भू.पू. सैनिक जे.सी.नं. ६२९३४० एच का पेन्सनर गोपालप्रसाद ढकालको श्रीमती ठमकुमारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम, थर ठहर कुमारी ढकाल जन्म मिति वि.सं. २०१५/७/१० तदनुसार सन् २६/१०/१९५८ उल्लेख भएको र निजको पतिको पेन्सन कागजातमा निजको नाम, थर ठम कुमारी जन्म मिति सन् २०-०५-१९५९ तदनुसार वि.सं. २०१६/१/२७ भै फरक फरक नाम थर र जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गा.वि.स. को च.नं. २ मिति २०७३/०४/०३ को सिफारिस पत्रबाट लेखी आएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको सूचना**



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. २० साबिक (मौजा-८) निवासी भारतीय भू.पू.सै.नं. 5447752X हवल्दार पदम सिंह गुरुङको श्रीमतीको नागरिकतामा नामथर इश्वर कुमारी गुरुङ र जन्ममिति वि.सं. २०२२।०६।१५ तदानुसार सन् १९६५।१०।१ उल्लेख भएको तर भारतीय पारिवारिक पेन्सन अभिलेखमा नामथर इश्वरा कुमारी गुरुङ र जन्ममिति सन् १९६४।०३।३१ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका २० नं. वडा कार्यालय कास्कीको च.नं. ५८० मिति २०७४।०३।०८ को सिफारिस पत्रबाट लेखि आएका ले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# २४ औं भदौरे पञ्चासे महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

कास्कीको अन्नपूर्ण गाँउपालिकामा अवस्थित सुन्दर पर्यटकिय गाँउ भदौरेमा पुष ९ गते देखि आयोजना भएको '२४ औं भदौरे पञ्चासे महोत्सव' सम्पन्न भएको छ ।

तमु ल्होसार, अन्नपूर्ण गाउँपालिका वडा स्तरिय फुटबल प्रतियोगिता, भेट्रान्स फुटबल प्रतियोगिता, मौलिक साँस्कृतिक प्रस्तुतीलगाएतका कार्यक्रमसहित महोत्सव सम्पन्न भएको हो । महोत्सव समापनको उद्घाटन गर्दै गण्डकी प्रदेशका सांसद प्रकाश बरालले आफुलाई सेवकको रुपमा निर्वाचित गराएको हुँदा विकास निर्माणका कार्यमा सेवककैरुपमा सक्रिय भएरै लागिरहने बताए । विगत देखिनै भदौरे फुटबल खेलमैदानमा प्यारापिटको आवश्यकता रहेको बताउँदै सांसद बरालले आवश्यक पहल गर्ने जनाए ।




अन्नपूर्ण गाउँपालिका वडा ४ का वडाध्यक्ष आइन्दल गुरुङले भदौरे विकासका लागि सबै एकजुट भएर लाग्नुपर्ने बताए । पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुलाई प्रोत्साहन गर्नपनि उनले आग्रह गरे । त्यस्तै मौले चरचरे बन उपभोक्ता समूहका अध्यक्ष रुपेश गुरुङ, नेपाली काँग्रेस अन्नपूर्ण गाउँपालिकाका सहसचिव तारकाजी गुरुङ, महोत्वस संयोजक मनबहादुर गुरुङलगाएतले भदौरे गाउँको विकासलाई अगाडी बढाउन आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरि भदौरे क्लवका अध्यक्ष जिवन गुरुङले महोत्सव भव्यरुपमा सम्पन्न गर्न साथ दिने सबैप्रति आभार व्यक्त गरे । साथै २०५५ सालदेखिनै युवाहरुलाई खेलप्रति आकर्षण गर्न भदौरे महोत्सवमा विभिन्न खेलहरु राखिदै आएको उनले जानकारी दिए । भदौरे गाउँको पर्यटन र खेलकुदको विकासका लागि भदौरे क्लबको भूमिका महत्वपूर्ण रहेको अध्यक्ष गुरुङले बताए ।

महोत्सवमा भएको फुटबल प्रतियोगितामा नौडाँडालाई हराउँदै भदौरे बिजेता बनेको छ । भदौरेले ३-१ गोल अन्तरले फाइनल खेलमा नौडाँडालाई पराजित गरेको हो । यो सँगै भदौरे बिजेता बन्दै नगद ५५ हजारका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै उपबिजेता बन्दै नौडाँडाले नगद ३५ हजार रुपैयाका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । त्यसैगरि धेरै गोलकर्ताका उपाधि भदौरेका सन्दीप गुरुङ, उत्कृष्ट गोलकिपर नौडाँडाका समिर सुवेदी र उत्कृष्ट खेलाडीको उपाधि भदौरेका बिशाल बिकले प्राप्त गरेका छन् । त्यस्तै मैत्रिपूर्ण भेट्रान्स फुटबल प्रतियोगितामा भने ढिकुरपोखरी बिजेता बनेको छ । महोत्सव तथा भदौरे गाउँको प्रचारमा भूमिका खेल्ने एक जना पत्रकारलाई सम्मान समेत गरिएको छ । प्रत्येक महोत्सवमा एक-एक जना पत्रकारलाई सम्मान गरिदै आएकोमा यस पटक पत्रकार राजु गिरीलाई गरिएको क्लबका अध्यक्ष जिबन गुरुङले जनाए । गिरीलाई नगद रु पाँच हजार, दोसल्ला र कदर पत्रले सम्मान गरिएको हो । पत्रकार गिरी गन्थन डटकमका समाचार प्रमुख हुन् । भदौरे क्लब र भदौरे आमा समूहको आयोजनामा भएको महोत्सवमा विशेष सहयोगिको भुमिका अन्नपूर्ण गाउँपालिकाले निर्वाह गरेको थियो ।

# वक्तृत्वकला प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

भीमकालीपाटन बगर स्थित पि एन क्याप्पसमा सम्पन्न भई रहेको अन्तर संकाय खेलकुद प्रतियोगिता कार्यक्रममा वकृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

विद्यार्थी कल्याण तथा खेलकुद शाखाले आयोजना गरेका सो कार्यक्रममा कुल १८ जना विद्यार्थीहरुको सहभागीता रहेको थियो । विहान ९:३० बजे सञ्चलन भएको सो कार्यक्रममा गोलाप्रथाद्वारा दुई शीर्षक मध्ये "शिक्षामा प्रविधिको प्रयोग" छनोट गरिएको थियो । सो कार्यक्रममा मानविकि संकायका छात्र तारानाथ पराजुली प्रथम, कानुनका अमृत विश्वकर्मा र सौगात सुवेदी क्रमश दितिय र तृतिय भएको थिए । वि ए का संकाय प्रमुख यादवराज उपाध्यायको संयोजकत्वमा भएको सो कार्यक्रममा शिक्षा संकायका प्रध्यापक लालबहादुर कुँवरले सभापतित्व ग्रहण गरेका थिए । कार्यक्रमको मुल्याङ्कर्तामा डा. यमनाथत तिमिल्सिना र डा.कष्ण पन्थी रहेका थिए । सो कार्यक्रम विभेल सापकोटाले सञ्चालन गरेका थिए । यस खेलकुद प्रतियोगितामा अन्य खेलकुद समेत चलिरहेका छन् ।



# लेखनाथ साहित्य पुरस्कार २०७९ चुडामणि बन्धुलाई

पोखरापत्र संवाददाता
पोखरा, १२ पुस

कविशिरोमणि लेखनाथ पौड्यालकी कान्छी छोरी कुन्तिदेवी भट्टराईका परिवारजनद्वारा स्थापित तथा लेखनाथ साहित्य प्रतिष्ठानद्वारा सञ्चालित लेखनाथ साहित्य पुरस्कार-२०७९ बाट वरिष्ठ साहित्यकार एवम् भाषाविद् प्रा.डा चुडामणि बन्धुलाई सम्मान गरिने भएको छ ।

कविशिरोमणिको १३९ औं जन्मजयन्तीका अवसरमा यही पौष १५ गते कविशिरोमणि जन्मस्थल पोखरा-२७ अर्चलेमा एक बृहद समारोह आयोजना गरी सो पुरस्कार अर्पण गर्ने कार्यक्रम छ । पुरस्कारको रकम रु ५००००।- र सम्मान पत्र रहेकोछ । वि.सं. १९९५ मा पाल्पामा जन्मेका बन्धुले भाषा, साहित्य, लोकसाहित्य अनुवाद गरि दुई दर्जन भन्दा बढी कृतिहरु प्रकाशित गरिसकेका छन् । मदन पुरस्कार २०७९, गोरखा दक्षिणवाहु २०३१( चौथो), २०४५(दोस्रो) साझा पुरस्कार २०३७, महाकवि देवकोटा पुरस्कार, अली मियाँ सम्मान पुरस्कार, शुक्ला साहित्य पुरस्कार लगायत एक दर्जन भन्दा



बढी महत्वपूर्ण पुरस्कारबाट पुरस्कृत भइसकेका बन्धु नेपाल प्रज्ञा-प्रतिष्ठानमा २०४१ देखि २०४७ सम्म प्राज्ञ परिषद सदस्य र २०५३ देखि आजीवन सदस्य रहेका छन् । यस अघि उक्त पुरस्कारबाट नेपाली शिक्षा परिषद, प्रा.डा. बासुदेव त्रिपाठी, जनकविकेशरी धर्मराज थापा, मदनमणि दिक्षित, मुकुन्दशरण उपाध्याया, बालकृष्ण पोखरेल, जगमान गुरुङ, बसन्त कुमार शर्मा, वैरागी काइला, सरुभक्त र रमेश खकुरेल सम्मानित भइ सकेका छन् । यसैगरी लेखनाथ जयन्तीको मूल समारोहमा कुन्तीदेखी साहित्य पुरस्कारबाट लोकगायिका हरिदेवी कोइराला र लेखनाथ सांस्कृतिक पुरस्कार २०७९ बाट साहित्यकार वेदनाथ अधिकारीलाई सम्मान गरिने कार्यक्रम रहेको छ । यी दुवै पुरस्कारको राशी रु २५,०००। र सम्मान पत्र रहेको छ । उक्त कार्यक्रममा कविशिरोमणि लेखनाथ आधारभूत विद्यालय पोखरा-२७ र लेखनाथ आधार भूत विद्यालय पोखरा-२८ का सम्पूर्ण विद्यार्थीहरुलाई कुन्ति देवी छात्रवृत्ति समेत प्रदान गरिनेछ । कुन्तीदेवी साहित्य पुरस्कार र कुन्तीदेवी छात्रवृत्तिका निम्ति कुन्तीदेवी भट्टराइका परिवारजनबाट रु १६ लाखको अक्षकोष अनि लेखनाथ संस्कृतिक पुरस्कारका निम्ति लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालले आफ्ना बाबा चन्द्रकान्त ढकालका स्मृतिमा रु ४ लाखको अक्षयकोषको स्थापना गरेका छन् । ढकालले आफ्नो एकल साँझमा घोषणा गरेका बाबा आमाका नाममा शिक्षा पुरस्कारहरु चन्द्रकान्त ढकाल शिक्षा पुरस्कार, मधुमाया ढकाल शिक्षापुरस्कार र फणिन्द्रकुमारी ढकाल शिक्षा पुरस्कारबाट श्री जनज्योति मा.वि. पोखरा-२८ र श्री लक्ष्मी आदर्श मा.वि. पोखरा २७ का एस.इ.इ मा सर्वोत्कृष्ट हुने विद्यार्थीहरुलाई रु १०-१० हजार र प्रशंसा पत्रबाट सम्मान गरिनेछ । यसका निम्ति रु २ लाखको अक्षयकोष स्थापना गरिएको छ ।

# पर्वतमा बाँदर आतङ्क : किसानलाई हिउँदे बालीनाली जोगाउनै हम्मे

पोखरापत्र संवाददाता
पर्वत, १२ पुस

पर्वतका ग्रामीण क्षेत्रमा बाँदर आतङ्क बढ्दै गएको छ । यसले गर्दा हिउँदे बालीनाली लगाउने प्रचलनसमेत कम हुँदै गएको छ भने लगाएकाहरूले पनि पाक्ने बेलासम्म जोगाउन हम्मेहम्मे पर्ने गरेको छ ।

जिल्लाको कुश्मा नगरपालिका-९ का पुनाखर पराजुलीले विगत वर्षसम्म १८ रोपनी खेतमा गहुँखेती गर्दै आए पनि अहिले बाँझै रहेको बताउनुभयो । विगतमा मङ्सिर तेस्रो सातासम्म गहुँ उम्रिएर हरियाली हुन्थ्यो । यतिबेला गहुँमा सिँचाइ गर्न व्यस्त हुने पुनाखर यतिबेला फुर्सदिलो बन्नुभएको छ । बाँदर आतङ्क बढ्दै गएपछि पुनाखरको सँगै जोडिएको विष्णुहरि पराजुली र टीकाराम तिवारीको ५० रोपनीभन्दा धेरै जमिन पनि बाँझै छाड्नुभएको छ । उहाँहरूले धान थन्क्याइसकेपछि सबै जग्गा बाँझै छोड्नुभएको छ । "धान जेनतेन थन्क्याउन सकिन्छ", टीकाराममले भन्नुभयो, "हिउँदेखेती जति नै प्रयास गर्दा पनि जोगाउन नसकेपछि आजित भइयो, लगाउनै छोडियो ।" त्यसैगरी फलेवास-४ का रामप्रसाद गौडेलले लगाएको ४० केजी आलु उम्रिन नपाउँदै एक हुल बाँदर पसेर सर्वनास पारिदियो । बिहादी गाउँपालिका-३ का रामु पराजुलीले सहकारीमार्फत बर्सेनि एक सय रोपनीमा सामूहिक आलुखेती गर्दै आउनुभएको थियो । तर बाँदरबाट जोगाउन नसक्ने भएपछि पछिल्लो तीन वर्षयता आलु रोप्नै छाडेको बताउनुभयो । "एकपटक पल्केपछि खेती सखाप नपारेसम्म नछोड्ने रहेछ", उहाँले बाँदरको हैरानीबारे भन्नुभयो, "हजारौँ खर्च गरेर महिना दिनसम्म खटेको बाली एकै दिनमा सखाप पारिदिएपछि सबै किसान आजित भए । अहिले जति नै प्रयास गर्दा पनि आलुको व्यावसायिक खेती गर्न सकिएन ।" बाँदरको हैरानी खेप्न नसकेका उहाँले दुई वर्षयता बाँदरबाट जोगिने बेसार, अदुवा, तोरीलगायत वैकल्पिक खेतीतर्फ लागेको बताउनुभयो ।

अहिले जिल्लाभर बाँदरको आतङ्क फैलिएको छ । जिल्लाका ६१ वडामै बाँदरको समस्या नभएको कुनै वडा छैन । कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन जाग्राम बस्नुपरेको छ । बाँदर आतङ्क किसानका लागि टाउको दुखाइको विषय बनेको सरोकारवालाको भनाइ छ । बाँदर धपाउन समूह बनाएर बस्दा पनि समाधान नभएको स्थानीय गुनासो गर्छन् । मोदी-२ का गुरुदत्त चापागाईँले भन्नुभयो, "पहिला कुकुर भुक्दा भाग्थ्यो, अहिले कुकुरलाई नै झम्टिन आउँछ ।" जलजला-५ की पार्वती खत्रीले रोपेको २५ केजी आलु बाँदर पसेपछि दुई सय बोट पनि बाँकी नराखेर उखेलेको गुनासो गर्नुभयो ।

जिल्लामा आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बनौ, शालिजा, लेखफाँट, क्याङ, भुकताङले, बाँसखर्कलगायत वडामा आलुखेतीमा पनि बाँदर मुख्य समस्या रहेको भन्दै किसान चिन्तित बनेका छन् । "अहिले आलुमात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका समुद्र खत्रीले भन्नुभयो, "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले मान्छेलाई नै झम्टिन आउँछ ।"

जिल्लाका उच्च भेगमा पर्ने गाउँको मुख्य बाली आलुखेती हो । हिउँदे खेतीका लागि उपयुक्त मानिने कुश्मा र फलेवास नगरपालिकामा पनि बाँदरको हैरानीले किसानले लगाएको कुनै पनि हिउँदे खेती स्याहार्न नपाएको किसानको गुनासो छ । दशकअघिसम्म पर्वतबाट अन्य जिल्लामा गहुँ र गहुँको बीउसमेत निर्यात हुने गरेकामा पछिल्ला वर्षमा गहुँ र गहुँको पिठो तराईका विभिन्न उद्योगको भर पर्नुपरेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ ।

जिल्लाको फलेवास नगरपालिकाले चालु वर्ष किसानलाई आलु र गहुँको बीउ निःशुल्क वितरण गर्ने कार्यक्रम रहेको भए पनि अपेक्षित माग नआएको जनाएको छ । "फाट्टफुट्ट माग आएको थियो", कृषि शाखा प्रमुख केदार सापकोटाले भन्नुभयो, "बीउ माग गर्ने किसानले बाँदर जोगाइदिने भए लैजान्छौँ, नत्र लैजाँदैनौँ भनेका छन् ।" महाशिला र पैयुँ गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ मा सुरु गरेको बाँदर नियन्त्रणको योजना सफल हुन नसकेपछि अहिले त्यस क्षेत्रमा समेत कृषकहरू हिउँदे खेतीप्रति रुचि देखाउन छाडेका छन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २०१९/०५/१४ गते

स्वर्गारोहणः वि.स. २०७९/०९/०१ गते

### स्वः मोतीराम गौतम

श्री जनकल्याण समिति पोखरा-१३ का आजीवन सदस्य गंगा गौतमका प्रातः पुजनीय पति महेश गौतम, मनिषा र ममताका मायाँ ममता र स्नेहका खानी प्रातः स्मरणीय पिता **मोतीराम गौतम** को ६० वर्षको उमेरमा मिति २०७९ साल पौष ०१ गते विहानको समयमा विदेशी मुलुक स्पेनमा असामयिक निधन भएकोमा हामीहरु भावविह्ल भएका छौं । यो दुखद् घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै आज १३ औं दिनको पुण्य तिथिमा शोकाकुल परिवारजनमा धैर्य धारणा गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्ने कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

देवराज बराल
अध्यक्ष

एवम्

गोविन्द प्रसाद आचार्य
महासचिव

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, शिद्धकोस्थान**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसि
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा